# मुसिकोट नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड : ८** **संख्याः ४** **पौष २२, २०८१**

**भाग - २**

**मुसिकोट नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, रुकुम पश्चिमको**

**सूचना**

## दाना उद्योग संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१

**सम्वत २०८१ सालको कार्यविधि नं. ४**

**प्रस्तावनाः** नगरपालिका तथा जिल्ला भरी व्यावसायिक रुपमा कुखुरा, बंगुर, बाख्रा, गाई, भैसी, माछालगायत अन्य विभिन्न प्रकारका पशुपन्छीपालन गर्ने किसानहरुको संख्या दिनप्रतिदिन बढदै गइरहेको छ । पशुपंक्षी पालन व्यवसायीहरु बढेकाले पशुपंक्षीपालनका लागि आवश्यक पर्ने दानाको माग उच्च रहेको छ ।हाल जिल्लामा दाना

उद्योगहरु स्थापना नभएकोले जिल्ला बाहिरवाट दाना ल्याई पशुपालन व्यवसाय संचालन गरिरहेको अवस्था छ । पशुपंक्षीपालक किसानका लागि स्थानीय उत्पादन मकै, गहुँ, जौं, भटमास, पिना, चुनढुंगा, हड्डी र भिटामिन लगायतका पोषण तत्व मिलाएर सन्तुलित पौष्टिक आहारायुक्त गुणस्तरीय दाना उत्पादन गर्न दान उद्योग संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माण गर्न वान्छनीय भएकोले,

मुसिकोट नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम नगरकार्यपालिकाबाट स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यो कार्यविधिको नाम “दाना उद्योग संचालन तथा व्वस्थापन कार्यविधि २०८१" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. <u>**परिभाषाः**</u> विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "उद्योग” भन्नाले नगरपालिका मातहतमा रहने दाना उद्योग सम्झनु पर्दछ।

(ख) "कृषक" भन्नाले पशुपंक्षीपालन तथा खेतीपातीमा संलग्न किसानलाई सम्झनु पर्दछ।

(ग) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहना भएका १० देखि २५ जनाकृषकहरु भई निर्माण गरिएको समूहलाई सम्झनु पर्दछ।

(घ) "नगरपालिका" भन्नाले मुसिकोट नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "नगरप्रमुख" भन्नाले मुसिकोट नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मुसिकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(छ) "निजी फर्म" भन्नाले मुसिकोट नगरपालिकामा दर्ता भएका कृषि तथा पशुपालन फर्म सम्झनु पर्दछ।

(ज)"शाखा" भन्नाले मुसिकोट नगरपालिका, पशु सेवा शाखा सम्झनु पर्दछ।

(झ) "संस्था" भन्नाले सहकार्यमा उद्योग संचालन गर्ने संस्थालाई सम्झनु पर्दछ।

(ञ) "समन्वय समिति" भन्नाले यस कार्यविधिको दफा ४ को उपदफा (१) अनुसार गठित समिति सम्झनु पर्दछ ।

(ट) "सहकारी" भन्नाले प्रचलित कानून अनुसार दर्ता भएका कृषि सहकारी वा दुग्ध बिकास सहकारी संस्था सम्झनु पर्नेछ ।

(ठ) "मुल्याङ्कन समिति" भन्नाले दफा १३ बमोजिमको प्रस्ताव मुल्याङ्कन समिति सम्झनुपर्छ ।

३. **<u>कार्यविधिको मुख्य उद्धेश्य</u>**: यस कार्यविधिको देहाय बमोजिमका उद्धेश्य हुनेछ ।

(क) गुणस्तरीय पशुपंक्षी दाना उत्पादन गर्ने ।

(ख) पशुपंक्षी दानाको मागलाई आपुर्ति गरी मागलाई सहज बनाउने ।

(ग) दाना उद्योगहरुको क्षमता विकास गर्ने ।

(घ) पशुपंक्षी पालनको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

(ङ) कृषकहरुको आय स्तरमा सुधार गर्ने ।

(च) स्थानीय स्रोत साधनहरुको अधिकतम उपयोग गर्ने ।

## परिच्छेद -२

## दाना उद्योग संचालन तथा व्यवस्थापन समन्वय समिति सम्वन्धी व्यवस्था

४. **दाना उद्योग संचालन तथा व्यवस्थापन समन्वय समन्वय समितिः**

(१) उद्योग संचालनको लागि देहाय अनुसारको समन्वय समिति रहनेछ ।

(क) नगर प्रमुख -अध्यक्ष

(ख) नगर उपप्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) आर्थिक बिकास समितिको संयोजक -सदस्य

(ङ) कार्यपालिकाका सदस्यहरु मध्येबाट प्रमुखले मनोनित गरेको एकजना -सदस्य

(च) मुसिकोट नगरपालिकाका ब्यवसायिक पशुपंक्षी पालक कृषकहरु मध्येबाट अध्यक्षले मनोनित गरेका एक जना कृषक -सदस्य

(छ) कृषि शाखा प्रमुख -सदस्य

(ज) सम्वन्धित वडाको वडा अध्यक्ष -सदस्य

(झ) पशु सेवा शाखा प्रमुख -सदस्य सचिव

५. **<u>दाना उद्योग संचालन तथा व्यवस्थापन समन्वय समितिको काम, कर्तव्य र अधिकार</u>**ः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दाना उद्योगहरुको प्रवर्द्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा व्यवसायीकरण सम्बन्धमा देखा परेका समस्या समाधानका लागि आवश्यक पहल गर्ने,

(ख) दाना उद्योग संचालनमा कुनै बाधा, अड्काउ वा दुविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(घ) औद्योगिक प्रदूषण न्यूनीकरणका लागि आवश्यक पहल गर्ने,

(ङ) दाना उद्योगको समग्र स्थितिको मुल्यांकन तथा समिक्षा गरि आवश्यक कदम चाल्न नगरकार्यपालिका समक्ष सुझाव तथा सिफारिस गर्ने,

(च) उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थ उपलब्धताको लागि सहजीकरण गर्ने ।

(छ) प्रचलित कानून बमोजिम दाना उद्योगले पाउने सेवा सुविधा सहुलियत उद्योगहरुलाई दिलाउन कुनै कठिनाइ आइपरेमा सो को निराकरणका लागि आवश्यक पहल गर्ने,

(ज) दाना उद्योगीको गुनासो सुनुवाई गरि समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धीत निकायलाई सिफारिस गर्ने,

(झ) सार्वजनिक, निजि र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामन्जस्यपूर्ण सहकार्यमा नगरपालिकामा प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न आवश्यक कार्य गर्ने वा गराउने,

(ञ) पालिकामा दाना उद्योग संचालनको लागि आवश्यक पर्ने पूर्वाधारको व्यस्थापनको लागि पहल गर्ने ।

(ट) दान उद्योग संचालन गर्न आवश्यक पर्ने दक्ष जनशक्ति पहिचान गरी व्यवस्थापन/ परिचालन गर्न सहजीकरण गर्ने ।

(ठ) दाना उद्योगको कामहरुको नियमित निरीक्षण, अनुगमन र मुल्यांकन गर्ने, गराउने,

(ड) दाना उद्योगलाई आर्थिक रुपले सक्षम बनाउन उद्योगले उत्पादन गर्ने बस्तुको लागत र बिक्री मुल्यका सम्वन्धमा अध्ययन गरी निर्णय गर्ने,

(ढ) उद्योग प्रवर्द्धनको लागि सम्बन्धीत प्रदेश तथा संघिय मन्त्रालयमा आवश्यक पृष्ठपोषण दिने ।

(ण) दाना उद्योग क्षेत्रको विकास र प्रवर्द्धन लागि अन्य आवश्यक कार्य गर्ने,

---

६. **<u>दाना उद्योग संचालन तथा व्यवस्थापन समन्वय समितिको बैठकः</u>**

(क) समितिको बैठक अध्यक्षले आवश्यकता अनुसार बोलाउन सक्नेछ । तर त्यस्तो बैठक घटीमा दुई महिनाको एकपटक बस्नुपर्नेछ ।

(ख) सदस्य सचिवले अध्यक्षको स्वीकृति लिई बैठकको कार्यसूचि सहित बैठक हुने स्थान र समयको सूचना बैठक हुनुभन्दा २४ घण्टा अगावै प्रत्येक सदस्यलाई दिनुपर्नेछ ।

७. **<u>उप समितिको व्यवस्थाः</u>** समितिले आवश्यकता अनुसार विभिन्न उपसमितिहरुको गठन गर्न सक्नेछ । उपसमितिको काम, कर्तव्य र अधिकार समितिले तोके बमोजिम हुनेछ ।

# परिच्छेद - ३

## दाना उद्योग क्षेत्र वर्गीकरण, सञ्चालन तथा व्यवस्थापन

८. **<u>दाना उद्योगको क्षेत्रगत वर्गीकरणः</u>** (१) नगरपालिकाले देहाय बमोजिमका क्षेत्रहरुमा दाना उद्योग वर्गीकरण गरी संचालन गर्न सक्नेछ ।

(क) कुखुराको दाना उत्पादन उद्योग,

(ख) बङ्गुरको दाना उत्पादन उद्योग,

(ग) भेडा बाख्राको दाना उत्पादन उद्योग,

(घ) गाई,भैसीको दाना उत्पादन उद्योग र

(ङ) माछाको दाना उत्पादन उद्योग ।

९. **<u>दाना उद्योग सञ्चालन तथा व्यवस्थापनका लागि गरिने क्रियाकलापहरुः</u>** नगरपालिककाले स्वीकृत बजेटको परिधी भित्र रही देहायका कार्यहरु गर्न अनुदान उपलब्ध गराउन सकिनेछ ।

(क) दाना तयारिका लागि चाहिने प्याकेजिङ, पेलेटिङ, स्टिमिङ, ग्राइन्डिङ, क्रसिङ्ग लगायतका उपकरण तथा मेसिनहरु खरिद ।

(ख) कारखाना, कच्चा पदार्थ भण्डार घर तथा उत्पादित दाना भण्डार घर निर्माण।

(ग) ढुवानीका साधन खरीद, दानाका कच्चा पदार्थ खरीद, जग्गा खरीद वा भाडा, तलव भत्ता जस्ता कार्यमा अनुदान उपलब्ध गराउन पाईने छैन ।

१०.<u>कार्यक्रम सञ्चालनः</u> यो कार्यक्रम प्रतिस्पर्धाका आधारमा नगरपालिका अन्तर्गत कृषक समूह/ सहकारी / गै.स.स. र फर्म मार्फत उद्योग सञ्चालन गरिनेछ ।

११.<u>प्रस्ताव आह्वानः</u> (१) नगरपालिकाले यस कार्यक्रममा सहभागी हुन ईच्छुक र योग्य कृषक समूह/ सहकारी / गै.स.स. र फर्मलाई लक्षित गरी प्रस्ताव पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिनको म्याद राखी अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नेछ । माग अनुसारको प्रस्ताव नपरेमा नगरपालिकाले पुनः दोस्रो पटक २१ दिनको म्याद र तेस्रो पटकको लागि ७ दिनको म्याद राखी प्रस्ताव आह्वान गर्न सक्नेछ ।

(२) उपदाफा (१) अनुसार प्रस्ताव आह्वान गर्दा पनि प्रस्ताव नपरेको खण्डमा नगरपालिकाले दुई पक्षीय आपसी साझेदारीमा नेगोसेसनको माध्यवाट उद्योग संचालन गर्न सकिनेछ ।

(३) उपदाफा (२) अनुसार दुई पक्षीय आपसी नेगोसेसनको माध्यमवाट उद्योग संचालनका लागि प्रक्रिया अगाडि बढन नसकेकोमा नगर कार्यपालिका बैठकवाट पाँच सदस्यीय

उद्योग संचालक समिति बनाई नगरपालिका स्वयले उद्योग संचालन गर्न सक्नेछ ।

(४) उपदाफा (३) अनुसार नगरपालिका स्वयले संचालन गरेको उद्योगलाई कृषक समूह/ सहकारी / गै.स.स. र फर्मलाई हस्तान्तरण वा लिजमा दिन सकिनेछ।

(५) उपदाफा (४) अनुसार नगरपालिका कृषक समूह/ सहकारी / गै.स.स. र फर्मलाई हस्तान्तरण वा लिजमा दिन प्राविधिक हिसावले उपयुक्त नभएमा संघीय वा प्रदेश सरकारसँग उद्योगको मसिन साटफेर गरी माथिका विधि अनुसर उद्योग संचालन गर्न सकिनेछ ।

१२.**<u>प्रस्ताव दर्ता</u>:** यो कार्यक्रममा सहभागी हुन ईच्छुक कृषक समूह/ सहकारी / गै.स.स. र फर्मले दफा ११ बमोजिमको समय सिमाभित्र सूचनामा माग गरिएका कागजातहरु एवं अनुसूची-३ बमोजिम संक्षिप्त व्यावसायीक कार्ययोजना समेत सम्लग्न गरी नगरपालिकाले तोकेको कार्यालयमा अनुसूची-२ बमोजिम आवेदन-पत्र दर्ता गर्नु पर्नेछ ।

१३.**<u>आवेदकको छनौट</u>:** (१) बोलपत्र मूल्याङ्कन समितिले अनुसूची-४ बमोजिमको मापदण्डका आधारमा कृषक समूह/ सहकारी / गै.स.स. र फर्मलाई छनौट गरी स्वीकृतका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ,

(२) प्रस्ताव आह्वानको म्याद सकिएको मितिले बढिमा पैतिस दिन भित्र प्रस्तावहरु स्वीकृत हुनु पर्नेछ,

(३) आवेदक संस्थाको प्रस्ताव छनौट बारे उजुरी गर्न सात दिनको समय तोकिने छ ।

१४. **<u>प्रस्तावकलाई जानकारी</u>:** नगरपालिकाले छनौट भएको आवेदक संस्थालाई निर्णय भएको मितिले सात दिनभित्र जानकारी दिनु पर्नेछ ।

१५.**<u>सम्झौताः</u>** (१) प्रस्ताव स्वीकृत भएका आवेदक संस्थाले जानकारी प्राप्त गरेको पन्द्र दिनभित्र अनुसूची -५ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआएमा निकटतम वैकल्पिकसँग सम्झौता गर्न सकिने छ ।

## परिच्छेद -४

## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

१६.**<u>उद्योगमा लगानी</u>:** आवेदक संस्थाद्वारा पेश भएको कार्ययोजना र आवश्यक न्यूनतम मापदण्डहरु समेटिनेगरि सम्झौतामा अनुमानित लागत उल्लेख गरिनेछ र सोहि बमोजिम उद्योग संचालन गर्न नगरपालिकाले अनुदान दिन सक्नेछ ।

१७.**<u>रकम भुक्तानीः</u>** सम्बन्धित आवेदक संस्थाले सम्झौता अनुसारका कार्य सम्पन्न गरी विल विजक, दाखिला रिपोर्ट, प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिवेदन र रनिङ्ग विल तथा अन्य आवश्यक कागजातहरु सहित भुक्तानीका लागि अनुरोध गरे पश्चात नगरपालिकाले स्थलगत निरिक्षण गरी मनासिब भएमा पन्द्र दिन भित्रमा भुक्तानी दिनेछ ।

१८. **<u>सम्झौताको दायित्वः</u>** सम्झौता बमोजिम कार्य नगरेमा, अनुदान रकम दुरुपयोग गरेमा प्रचलित ऐन/ नियम बमोजिम सरकारी बाँकी / बक्यौता सरह असुल उपर गरिने छ ।

## परिच्छेद -५

## दान उद्योग सन्चालनका मापदण्ड

१९. **<u>कृषक समूह / सहकारी / निजि क्षेत्रले पालना गर्नुपर्ने विषयहरुः</u>** (१) कृषक समूह/ सहकारी / गै.स.स. र फर्मले यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछः-

(क) दाना उद्योग प्रवर्द्धन गर्न प्रतिवद्ध हुनु पर्नेछ,

(ख) आफ्नै स्वामित्वमा जग्गा भएका हुनु पर्नेछ ।संस्थाको हकमा सार्वजनीक/प्रति वा नगरको सवामित्वमा रहेको जग्गा पनि प्रयोग गर्न सकिनेछ,

(ग) सो नभए कृषक समूह/ सहकारी / गै.स.स. र फर्मको लगानीकर्ता वा अन्य व्यक्तीको नाममा भएको नीजि जग्गा कम्तीमा १० वर्षको लागि भाडामा लिएको हुनु पर्नेछ,

(घ) कम्तीमा १० वर्षको लागि भाडामा लिएको जग्गा कम्तीमा २ रोपनी हुनु पर्नेछ,

(ङ) सडक बाटो, पानी र बिजुलीको सहज पहुँच भएको हुनुपर्नेछ,

(च) कारखाना, दाना कच्चा पदार्थ र दाना भण्डारण, दाना र दाना पदार्थ लोड/अनलोड, अफिस घर आदिको लागि पर्याप्त जग्गा भएको हुनुपर्नेछ,

(छ) प्रचलित कानून बमोजिम तोकिएका विधिहरु पुरा गरी दाना उद्योग स्थापना गर्नुपर्नेछ र दाना उत्पादन तथा विक्री वितरणको अनुमतिपत्र लिनुपर्नेछ,

(ज) कृषक समूह/सहकारी/निजि क्षेत्रले अन्य कुनै व्यावसाय सञ्चालन गरिरहेको भए सो व्यवसायको अवस्था र व्यवसाय परिसरको फोटो प्रस्तावमा संलग्न गर्नु पर्नेछ,

(झ) उद्योग स्थापना गर्न आवश्यक पर्ने अन्य प्रचलित ऐन/ नियम पालना गरेको हुनु पर्नेछ,

(ञ) प्रस्तावको साथमा अनुसूची -३ बमोजिम व्यवसायीक कार्य योजना पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित मापदण्डका अतिरिक्त थप मापदण्डको आवश्यकता परेमा समन्वय समितिले तयार गरी नगरपालिकाबाट स्वीकृत गराई लागू गर्न सक्नेछ ।

## परिच्छेद -६

## दानाको बिक्री बितरण सम्वन्धी ब्यवस्था

२०. **दानाको बिक्री बितरणः** (१) उद्योगबाट उत्पादित दाना नगरपालिकाका कृषक समुह, समिति, सहकारी तथा अन्य कृषकहरुलाई प्राथमिकता दिई विक्रि वितरण गरिनेछ । दाना उत्पादन क्षमताको आधारमा माग बमोजिम देशका जुनसुकै स्थानमा विक्रि वितरण गरिनेछ।

(२) उत्पादित दानाको बिक्री मूल्य दानाको गुणस्तर हेरी समन्वय समितिले निर्णय गरे बमोजिम हुनेछ । सममन्य समितिले आवश्यकता अनुसार मुल्य परिमार्जन गर्न सक्नेछ ।

२१. **बिशेष ब्यवस्थाः** नगरपालिकाका कृषक समूह/सहकारी/ नीजि क्षेत्र तथा व्यक्तिले दाना उद्योगमा कच्चा पदार्थ ल्याई दाना

बनाउन सक्नेछन । यसरी दाना बनाउँदा लाग्ने सेवा शुल्क समन्वय समितिले निर्णय गरे बमोजिम हुनेछ।

## परिच्छेद - ७

## विविध

२२. **प्रगति प्रतिवेदनः** (१) उद्योग सन्चालन गर्ने संस्थाले चौमासिक रुपमा तोकिए बमोजिमको फर्मेटमा प्रगति प्रतिवेदन नगरपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

२३.**अनुगमन, मूल्यांकन सम्वन्धी ब्यवस्थाः** उद्योग संचालनको समग्र पक्षको अनुगमन तथा मूल्यांकन समन्वय समितिले गर्नेछ ।

२४. **ब्याख्या गर्ने अधिकारः** कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यसको ब्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

२५. **संशोधन र खारेजः** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे नगरकार्यापालिकाले आवश्यकता अनुसार संशोधन र खारेज गर्न सक्नेछ ।

२६. **प्रचलित कानून बमोजिम हुनेछः** यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधिमा उल्लेख नभएको हकमा अन्यमा प्रचलीत कानून बमोजिम हुनेछ ।

# अनुसूची - १

## (दफा ११ उपदफा (१) सँग सम्बन्धित )

## प्रस्ताव आह्वान

प्रथम पटक प्रकाशित मितिः

मुसिकोट नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार दाना उद्योग प्रवर्द्धन कार्यक्रम गरिने भएको हुँदा दाना उद्योग सन्चालन गर्न इच्छुक कृषक समूह/ सहकारी / गै.स.स. र फर्मले यो सूचना प्रकाशित भएको ३५ औं दिनसम्ममा कार्यालय समयभित्र आईपुग्ने गरी अनुसूची-२ बमोजिम दिईएको आवेदन-पत्र साथ तपसिल बमोजिमका कागजात अनुसूची-३ बमोजिम संक्षिप्त व्यावसायीक कार्ययोजना संलग्न गरी नगरपालिकाले तोकेको कार्यालयमा दर्ता गर्नुहुन प्रस्ताव आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

आवेदन साथ संलग्न हुनुपर्ने कागजातहरुः

१. कृषक समूह/सहकारी संस्थाको हकमा आवेदन-पत्र साथ सञ्चालक समितिको बैठकले पशु आहारा उद्योग प्रवर्द्धन गर्न गरेको निर्णय प्रतिलिपी,
२. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रमाणित प्रतिलिपी,

३. भाडामा लिएको कम्तीमा २ रोपनी जग्गाको हकमा कम्तिमा १० वर्षको करारनामा वा सम्झौता गरिएको पत्र,

४. कृषक समूह/सहकारी संस्था/नीजि क्षेत्र दर्ता प्रमाणित प्रतिलिपि,

५. स्थायि लेखा नम्बर दर्ता प्रमाणित प्रतिलिपि,

६. प्रस्तावित पशु आहारा उद्योग प्रवर्द्धन गर्न अन्य निकायवाट अनुदान लिए/नलिएको प्रमाणितगर्ने कागजात,

७. प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान,

८. प्रस्तावक संस्थाका अध्यक्ष वा सकृय सदस्य वा कर्मचारीको शैक्षिक योग्यता,

९. साझेदार संस्थाको वित्तीय क्षमता प्रमाणित गर्ने कागजात (बैंक ग्यारेन्टी, टर्न ओभर, बैंकब्यालेन्स) वा बैङ्कको लेटर अफ इन्टेन्ट,

१०. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

# अनुसूची -२
## (दफा १२ सँग सम्बन्धित )
## आवेदन-पत्र

मितिः- ..........

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मुसिकोट नगरपालिका, रुकुम पश्चिम।

विषयः- दाना उद्योग संचालन गर्न प्रविधि तथा अनुदान सहयोग उपलब्ध गराई पाऊँ ।

महोदय,

तहाँ नगरपालिकाबाट मिति... गते...राष्ट्रिय पत्रिकामा प्रकाशित सूचना अनुसार कृषक समूह/ सहकारी/नीजि क्षेत्र मार्फत दाना उद्योग प्रवर्द्धन कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वान गरे अनुसार कार्यक्रममा संचालन गर्न ईच्छुक भई तपसिल बमोजिमका कागजात र अनुसूची-३ बमोजिम संक्षिप्त व्यावसायीक कार्ययोजना संलग्न गरी आवश्यक कारबाहीको लागि आवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

तपसिलः

१. कृषक समूह/सहकारी संस्थाको हकमा आवेदन-पत्र साथ सञ्चालक समितिको बैठकले पशु आहारा उद्योग प्रवर्द्धन गर्न गरेको निर्णय प्रतिलिपी,
२. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रमाणित प्रतिलिपी,
३. भाडामा लिएको कम्तीमा २ रोपनी जग्गाको हकमा कम्तिमा १० वर्षको करारनामा वा सम्झौता गरिएको पत्र,

४. कृषक समूह/सहकारी संस्था/नीजि क्षेत्र दर्ता प्रमाणित प्रतिलिपि,
५. स्थायि लेखा नम्बर दर्ता प्रमाणित प्रतिलिपि,
६. प्रस्तावित पशु आहारा उद्योग प्रवर्द्धन गर्न अन्य निकायवाट अनुदान लिए/नलिएको प्रमाणितगर्ने कागजात,
७. प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान,
८. वडा कार्यालयको सिफारिस ।

आवेदक
दस्तखतः
नामथरः
पदः
संस्थाको
छाप

# अनुसूची -३
## (दफा १२ सँग सम्बन्धित )

संक्षिप्त व्यावसायीक कार्ययोजना तथा लागत लाभ विश्लेषणमा प्रष्टाउनु पर्ने बुंदाहरु

१. पृष्ठभूमीः यसमा प्रष्टाउनु पर्ने बुंदाहरु तपशिल बमोजिम हुनेछः-

(क) उद्योग / संस्थाको परिचयात्मक विवरण,

(ख) भौतिक सुविधाको विवरण,

(ग) हालको उत्पादन एवं उत्पादनका किसिम, साईज, गुणस्तर आदिको विवरण

(घ) दाना बजारको अवस्था ।

२. दिर्घकालिन सोंच, उद्येश्य र महत्वः

(क) प्रस्तावित दाना प्रवर्द्धन कार्यक्रम कार्यान्वयनबाट हासिल गर्न खोजिएको दिर्घकालिन लक्ष्य उल्लेख गर्ने ।

(ख) प्रस्तावित योजना (मेसिन उपकरणको नाम, ब्राण्ड, काम, क्षमता, मूल्य, माग गरेको अनुदान रकम, व्यवसायीले मेसिनरीमा लगानी गर्ने रकम, दानाको गुणस्तरमा पार्ने प्रभाव, थप हुने उत्पादन, कृषकलाई प्रदान गरिने सुविधा आदि ।

(ग) अन्य पूर्वाधार विकास गर्ने भएमा सोही बमोजिमका विवरणहरु पेश गर्ने।

३. सम्भाव्यता विश्लेषणः (१) व्यवसायीक योजना देहाय बमोजिम गर्नेः-

(क) दानामा प्रयोग हुने कच्चा पदार्थ तथा सो को आपूर्ती व्यवस्था

(ख) आर्थिक श्रोत व्यवस्थापन ।

(ग) आर्थिक विश्लेषण ।

(घ) परियोजना संग सम्बन्धित अन्य आवश्यक विवरण ।

(ङ) उद्योगले किसानहरुलाई दिने सेवा तथा सुविधा ।

(च) उद्योग सञ्चालनमा युवाहरुको संलग्नता।

(छ) उत्पादन हुने बस्तु र परिमाण (दाना प्रवर्द्धन कार्यक्रम सञ्चालनमा आए पश्चात दैनिक रुपमा उत्पादन हुने सेवा र दानाको परिमाण उल्लेख गर्ने) ।

(ज) प्रबिधि प्रयोगको सम्भाव्यता (दाना उत्पादनका लागि आवस्यक पर्ने प्रविधि, मेशिनरी, उपकरण, जनशक्ति र तिनको उपलब्धता कसरी सुनिश्चत गरिन्छ उल्लेख गर्ने) ।

(झ) बजारिकरण योजना (उत्पादित दानाको सम्भावित बजार, विक्री योजना, गुणस्तर व्यवस्थापन र प्रतिस्पर्धामा कायम रहने योजना उल्लेख गर्ने) ।

४. व्यवस्थापन योजनाः

५. वातावरणिय प्रभाव/असरको विश्लेशणः

६. लाभग्राही विश्लेशण :

## अनुसूची -४

## (दफा १३ उपदफा (१) सँग सम्बन्धित )

## मूल्याङ्कन फारम

१. जिल्लाः

२. आवेदक संस्थाको नामः

३. कार्यक्रम सन्चालन स्थलको ठेगानाः

४. प्रस्तावित कार्यक्रमको नामः

५. मूल्याङ्कनका आधारहरुः

| क्र.सं. | विवरण | भार | प्रासाङ्क |
|---|---|---|---|
| १ | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था | २० | |
| १.१ | सडक सुविधा भएको | ४ | |
| १.२ | बिजुली सुविधा भएको | ३ | |
| १.३ | पानीको सुविधा भएको | ३ | |
| १.४ | जग्गाको स्वामित्व | १० | |
| १.४.१ | आफ्नै भएको | १० | |
| १.४.२ | सेयर होल्डरको नाममा जग्गा भएको | ८ | |
| १.४.३ | भाडामा जग्गा लिएको | ५ | |
| २ | प्राविधिक दक्षता / सम्बन्धित | ५ | |

| | | | |
|---|---|---|---|
| | विषयको तालीम (प्रस्तावित कामदारहरुको मात्र) | | |
| २.१ | ७ दिन अवधीसम्मको तालीम | १ | |
| २.२ | ७ देखी १५ दिने अवधिसम्मको तालिम | २ | |
| २.३ | १६ देखी ३० दिने अवधिसम्मको तालिम | ३ | |
| २.४ | १ महिना देखी ३ महिना अवधिसम्मको तालिम | ४ | |
| २.५ | ३ महिना भन्दा बढी अवधीको तालिम | ५ | |
| ३ | रोजगारीको अवस्था | १० | |
| ३.१ | कम्तीमा ५ जना | ५ | |
| ३.२ | ५ जना भन्दा माथि | १० | |
| ४ | प्रत्यक्ष लाभान्वित संख्या | ५ | |
| ५ | वातावरणीय उपयुक्तता | ५ | |
| ५.१ | प्रस्तावित कार्यक्रमको वातावरणिय प्रभाव आंकलन गरिएको | ५ | |
| ६ | अन्य पक्षहरु | १५ | |
| ६.१ | विगतमा यस्तै खाले काम गरिरहेको | १५ | |

| | | | |
|---|---|---|---|
| | र प्रस्तावित कार्यक्रम विच तालमेल रहेको | | |
| ७ | स्विकृत कार्यविधी अनुसारको थप आधारहरु | ४० | |
| ७.१ | प्राविधिक र आर्थिक प्रस्तावको गुणस्तर | ३० | |
| ७.१.१ | प्राविधिक प्रस्तावको गुणस्तर | १५ | |
| ७.१.२ | आर्थिक प्रस्ताव गुणस्तर | १५ | |
| ७.२ | व्यावसायिक कार्ययोजनाको स्पष्टता | १० | |
| जम्मा | | १०० | |

नोटः मूल्याङ्कनको क्रममा न्यूनतम ५० अङ्क भन्दा बढी अङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गर्नु पर्नेछ । वार्षिक कार्यक्रम र बजेट भन्दा बढी छनौट भएमा बढी अङ्क प्राप्त गर्नेलाई सिफारिस गर्नु पर्नेछ । साथै समान अङ्क प्राप्त गरेमा लागत सहभागिता रकम बढी प्रस्ताव गरेकोलाई प्राथमिकता दिइने छ ।

# अनुसूची -५

## (दफा १५ को उपदफा (१) सँग सम्बन्धित )

## द्विपक्षिय संझौता-पत्र

मुसिकोट नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कृषक समूह / सहकारी / निजि क्षेत्रसँग दाना उद्योग प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धी पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये श्री.................. प्रस्ताव छनौट भएको हुँदा मुसिकोट नगरपालिका (यसपछि प्रथम पक्ष भनिने) र श्री ..................(यसपछि दोस्रो पक्ष भनिने) बिच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी दाना उद्योग प्रवर्द्धन कार्यक्रम कार्यान्वयनको लागि द्विपक्षिय सम्झौता गरी बुझि लियौं / दियौं ।

तपशिलः

१. प्रथम पक्षले लागत दाना उद्योग प्रवर्द्धन कार्यक्रम कार्यान्वयनको लागि विनियोजित रु. ....कट्टा गरी दोश्रो पक्षलाई रु. ... अनुदान/ सामग्री सहयोग प्रदान गर्नेछ ।

२. दोश्रो पक्षले बाँकी रकमको व्यवस्था गरी मुसिकोट नगरपालिका......नं. वडाको... ....भन्ने स्थानमा यसै आर्थिक वर्षको अन्त्य सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ ।

३. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्तावना अनुसारको डिजाईन, ईष्टिमेट र सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखि निर्धारित समय भित्र सम्पन्न गर्नेछ ।

४. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन, रनिङ्ग विल, अन्तिम विल र कार्य सम्पन्न प्रतिवेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदी दोश्रो पक्षले गर्नेछ ।

५. दोश्रो पक्षले शुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट/ प्यान बिल, दाखिला प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा मनासिव ठहरेमा वा सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको रनिङ्ग विल तथा कार्य सम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दुई किस्तामा वा दोश्रो पक्षले सम्पूर्ण कार्य आफ्नै लगानीमा सम्पन्न गरेमा एकै किस्तामा समेत अनुदान रकमको भुक्तानी प्रथम पक्षले बैङ्क खाता मार्फत गर्नेछ ।

६. प्रथम पक्षले कुनै पनि बखत सञ्चालन कार्यको अनुगमन / निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह / सुझाव दिन सक्नेछ ।

७. दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नु पर्नेछ

८. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

९. दोस्रो पक्षले नियमित रुपमा कार्यक्रमको मासिक प्रगति, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु सम्बन्धित कार्यालय मार्फत प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

१०. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्तावना अनुसारको डिजाइन, ईष्टिमेट र दरभाउ मेसिनरी उपकरण र अन्य सामानहरु खरीद गर्नु पूर्व प्रथम पक्षसँग स्वीकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखि निर्धारित समयभित्र सम्मन्न गर्नु पर्नेछ । यसो नगरेको खण्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन ।

११. दोश्रो पक्षले सम्झौता अनुरुप दाना उद्योग प्रवर्द्धन कार्यक्रम कार्यान्वयन नगरेमा प्रथम पक्षले अनुदान रोक्का गर्न सक्नेछ ।

१२. दोश्रो पक्षले दाना उद्योग प्रवर्द्धन कार्यक्रम कार्यान्वयन अधुरो छाडी अन्यत्रै बिक्री गरी दुरुपयोग गरेको पाइएमा प्रथम पक्षले अनुदान रकम प्रचलित ऐन/ नियम बमोजिम सरकारी बाँकी / बक्यौता सरह असुल उपर गर्नेछ ।

१३. कार्यक्रम सञ्चालनका दौरानमा कुनै कुरा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

१४. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

| दोस्रो पक्षको तर्फबाटः | प्रथम पक्षको तर्फबाटः |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | |
| कार्यालयः | |
| संस्थाको छापः | कार्यालयको छाप: |

रोहवर

हस्ताक्षरः

नामः

पदः

संस्थाः

संस्थाको छापः

इति सम्वत ... साल महिना गते रोज ... शुभम् ।

मितिः २०८१/०९/२२

**आज्ञाले,**

**मोहन प्रकश गिरी**

**प्रमुख प्रशासकीय अधिकृत**